एक्सेल डेभलपमेन्ट बैंक लि.
EXCEL DEVELOPMENT BANK Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

23403

प.सं. /०७६/०७७
च.नं. ५६०

मितिः २०७६।११।२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय :- वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज कार्य वन्द (Book Close) सम्वन्धमा ।

महाशय,

उपरोक्त सम्वन्धमा यस वैंकको संचालक समितिको मिति २०७६।११।२३ गते १२.१५ बजे बसेको २३४ औं वैठकवाट निर्णय भए वमोजिम यस वैंकको चौधौ वार्षिक साधारण सभा तथा सो प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने सम्वन्धमा देहाय वमोजिम निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**१) साधारण सभा बस्ने मिति,स्थान र समय :**

मिति : २०७६ साल चैत्र महिना २० गते, विहिबार (तदनुसार अप्रिल २, २०२०)
स्थान : होटल होलिडे होम, विर्तामोड, झापा ।
समय : विहान ११.०० बजे

**२) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. संचालक समितीको तर्फबाट अध्यक्षज्यूवाट प्रस्तुत हुने आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७६ आषाढ मसान्तको वासलात, आ.व.२०७५।०७६ को नाफा नोक्सान हिसाब तथा सोही अवधीको नगद प्रवाह विवरण र सो संग सम्वन्धित वित्तीय विवरणहरु उपर छलफल एवं स्वीकृत गर्ने ।
३. वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लागि लेखापरीक्षकको नियूक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री एन. वि. एस. एम एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् निल वहादुर सारु मगर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)
४. आ.व २०७५/०७६ सम्मको वितरणयोग्य संचित मुनाफाबाट संचालक समितिले सिफारीस गरे बमोजीम १७.१० प्रतिशत बोनस शेयर बापतको कर प्रयोजनको लागि रु ६२,३४,०६५।७८ नगद लाभांश को रुपमा वितरण गर्ने प्रस्ताव स्विकृत गर्ने ।
५. संचालक समितिले रिक्त संचालक पदमा बाँकी अवधिका लागि गरेको संचालक नियुक्ति र स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. संचालक समितिबाट सिफारिस भए बमोजिम चुक्ता शेयर पूँजीको १७.१० प्रतिशतका दरले बोनश शेयर रु ११,८४,४७,२४९।७२ (अक्षरेपि एघार करोड चौरासी लाख सडचालिस हजार दुई सय उनपचास पैसा बहत्तर मात्र वितरण गर्ने ।
२. यस विकास बैंकको तेह्रौ वार्षिक साधारण सभाबाट कम्पनीको चुक्ता पूँजी रु ६९,२६,७३,९७५।- (अक्षरेपी रु उनसत्तरी करोड छब्विस लाख त्रिहत्तर हजार नौ सय पचहत्तर मात्र) को ५५ प्रतिशतका दरले रु ३८,०९,७०,६८६।२५ (अक्षरेपी रु अडतिस करोड नौ लाख सत्तरी हजार छ सय छयासी पैसा पच्चिस मात्र) को हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित भएकोमा उक्त हकप्रद शेयर निष्काशन बाकी रहेको अवस्थामा प्रस्तावित बोनश शेयर जारी भई कायम हुने चुक्ता शेयर पूँजी रु ८१,११,२१,२२४।७२ (अक्षरेपि एकासी करोड एघार लाख एक्काईस हजार दुई सय चौविस पैसा वहत्तर मात्र) को ३० प्रतिशतका दरले रु २४,३३,३६,३६७।४२ (अक्षरेपि चौविस करोड तेत्तिस लाख छत्तिस हजार तिन सय सडसट्ठी पैसा बयालिस मात्र) को हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पारित गर्ने ।
३. संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि तथा होटल बास खर्च सम्वन्धमा ।

कम्पनी सचिव
Company Secretary

23404

४. एक्सेल डेभलपमेन्ट बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) प्रयोजनको लागि तेह्रौ वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त बैंक तथा वित्तिय सस्थासंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्वन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूंल्याकनकर्ताको नियूक्ती गर्न, निजको पारिश्रमीक निर्धारण गर्न, सम्बन्धीत नियमनकारी निकायहरुसंग सहमति लिन लगायतका Merger तथा Acquisition सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

५. वैंकको नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने प्रकिया लगायत अन्य आवश्यक विषयका लागि समेत प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**३) शेयर दाखिल खारेज मिति (Book Close Date):** २०७६ चैत्र ०७ गतेदेखि २०७६ चैत्र २० गतेसम्म । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७६।१२।०६ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुनुहुन्छ ।

भवदीय,

२०७६/११/२२

श्याम बहादुर बोहोरा
कम्पनी सचिव

वोधार्थ :
१) श्री नेपाल धितोपत्र वोर्ड
जावलाखेल, ललितपुर ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं ।
३) श्री एनआईविएल एस क्यापिटल लि.
लाजिम्पाट, काठमाण्डौं ।